कृषि तथा वन विज्ञान विश्वविद्यालय

# परीक्षा नियन्त्रण कार्यालय

रामपुर, चितवन

प.नि.का.च.नं.......................२०७९/०८०

मिति: २०७९।०९।२८

## ONLINE परीक्षा आवेदन फाराम भर्ने सम्बन्धी सूचना ।

कृषि तथा वन विज्ञान विश्वविद्यालय, पशु विज्ञान, पशु चिकित्सा र मत्स्य विज्ञान संकाय अन्तर्गत शैक्षिक सत्र २०७४/०७५ र २०७७/०७८ मा सञ्चालित **B.V.Sc.&A.H.** मा भर्ना भई अध्ययनरत विद्यार्थीहरुले क्रमश: आठौं र चौथो सेमेष्टरहरुको नियमित परीक्षा र शैक्षिक सत्र २०७५/०७६ र २०७७/०७८ मा सञ्चालित **B.Sc.Fisheries** मा भर्ना भई अध्ययनरत विद्यार्थीहरुले क्रमश: छैठौं र चौथो सेमेष्टरहरुको नियमित परीक्षा र सो शैक्षिक कार्यक्रमको विभिन्न शैक्षिक सत्रहरुमा भर्ना भई अध्ययनरत उक्त सेमेष्टरको मौका परीक्षामा अनुत्तीर्ण भएका विद्यार्थीहरुले आंशिक परीक्षामा सम्मिलित हुन मिति २०७९/०९/२९ देखि मिति २०७९/१०/१३ गते राती १२:०० बजे अगावै नियमित शुल्क र मिति २०७९/१०/१४ देखि मिति २०७९/१०/१६ गते राती १२:०० बजे अगावै बिलम्ब शुल्कमा परीक्षा आवेदन फाराम भर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

परीक्षा आवेदन फाराम **form.afu.edu.np** मा उपलब्ध हुनेछ ।

शर्तहरु :

१. परीक्षा आवेदन फाराममा उल्लेखित विवरणहरु सबै भरिएको हुनु पर्नेछ । आवेदन फाराममा परीक्षार्थीहरुको हालसालै खिचेको अनुहार र दुवै कान प्रष्ट देखिने पासपोर्ट साइजको फोटो upload गर्नु पर्नेछ ।

२. नियमित, आंशिक र मौका परीक्षामा सम्मिलित हुनको लागि प्रत्येक सेमेष्टरको अलग अलग परीक्षा शुल्क रु. ८५०।- र परीक्षा आवेदन फाराम शुल्क रु.१०० का दरले बुझाउनु पर्नेछ । सम्बन्धन प्राप्त कलेजको हकमा परीक्षा शुल्क रु. २०००।- का दरले बुझाउनु पर्नेछ । तोकिएको समय अवधिमा फाराम नभरेमा निम्न वमोजिम विलम्ब शुल्क लाग्नेछ ।

| | |
|---|---|
| २०७९ साल माघ १४ गते | रु.३००।- |
| २०७९ साल माघ १५ गते | रु.५००।- |
| २०७९ साल माघ १६ गते | रु.११००।- |

परीक्षा आवेदन फाराम भर्ने **Portal** को **Online Payment Link** बाट मात्रै परीक्षा शुल्क रकम भुक्तानी गर्नु पर्नेछ ।

३. आन्तरिक मूल्यांकन परीक्षामा अनुत्तीर्ण परीक्षार्थीहरु अन्तिम परीक्षामा सम्मिलित हुन पाउने छैनन्।

४. प्रवेश पत्र **(Admit Card)** परीक्षा शुरु हुनु भन्दा २ (दुई) दिन अगाडि विद्यार्थी स्वयम्ले download गर्न सक्नेछन् ।

५. उक्त फाराम भर्ने क्रममा कुनै समस्या आएमा वा त्रुटि भएमा सम्बन्धित संकायमा सम्पर्क राख्नुहोला ।

६. परीक्षाको समय तालिका पछि प्रकाशित गरिनेछ र साथै कृषि तथा वन विज्ञान विश्वविद्यालयको **Website** **www.afu.edu.np** बाट पनि हेर्न सकिनेछ ।

...................................

प्रा.डा.शुनिला राई

परीक्षा नियन्त्रक

**परीक्षा नियन्त्रक**